(२) बीमा अवधिभित्र बीमा गर्नु पर्ने अदुवा खेतीको क्षेत्रफल थप गर्नु परेमा त्यसरी थप गरिने अदुवा खेतीको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. <u>बीमा शुल्क र गणना</u> : (१) यस बीमालेख बमोजिम जारी हुने अदुवा खेतीको बीमाशुल्क बीमाङ्क रकमको **सात प्रतिशतका** दरले लाग्नेछ।

(२) उपदफा (१) बमोजिम बीमाशुल्कको गणना **अनुसूची-६** मा उल्लेखित सुत्रलाई आधार मानेर गरिनेछ।

२२. <u>सामूहिक बीमाः</u> (१) अदुवा खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै अदुवा खेतीको अभिलेख कायम गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>अदुवा बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था</u>

२३. <u>बीमितले पालना गर्नुपर्नेः</u> बीमा गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) अदुवा रोपी टुसा पलाएको १५ दिनभित्र बीमा गरिसक्नु पर्ने,

(ख) अदुवा खेती समुन्द्री सतह देखि १६०० मि. सम्मको उचाईमा गर्न सकिने,

(ग) चिम्ट्याइलो र बलौटे माटो बाहेकको पर्याप्त प्राङ्गारिक पदार्थ तथा पानीको उचित निकास भएको जग्गामा अदुवा खेती लगाउनु पर्ने,

(घ) अदुवा खेती भौगोलिक क्षेत्र अनुसार फागुन १५ देखि बैशाख १५ सम्ममा लगाउनु पर्ने तथा अदुवा खेती गर्दा प्रति हेक्टर २५००-३५०० किलोग्राम बीउदर प्रयोग गर्नु पर्ने,

(ङ) अदुवा खेती गर्दा हार देखि हारको दुरी ३०-४० से.मी. र बोट देखि बोटको दुरी २५-३० से.मी. हुनु पर्ने,

(च) अदुवा खेती गर्दा बीउको रुपमा प्रयोग गरिने गानो **(Rhizome)** कुहिने रोग नलागेको, पोटिलो, छिप्पेको तथा पुष्ट हुनुका साथै कम्तीमा एउटा पुष्ट मोटो टुसा निस्कने सक्ने क्षमताको ३०-६० ग्राम सम्म तौल भएको हुनु पर्ने,

(छ) अदुवा खेती गर्नुभन्दा अगावै आवश्यकता अनुसार खनजोत गरी बीउ लगाँउदा गानो ७-१० से.मी. गहिरो गरी रोप्नु पर्ने,

(ज) अदुवा खेती गर्दा प्रयोग गरिने गानो **(Rhizome)** लाई सिफारिस मात्राको ढुसी नासक रासायनिक/ जैविक विषादीबाट उपचार गरी रोप्नु पर्ने,

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -३**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राविधिक जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१)अदुवा खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः......................................

(२)ठेगानाः प्रदेश .................. जिल्ला .............पालिका....................वडा नं. .............
टोलः.................... सम्पर्क नं. ..................... ईमेल................................

(३)अदुवाको जातः ................. **अदुवा रोपिएको हारदेखि हारको दुरी** .............................)

(४)बीमाको लागि प्रस्तावित जम्मा क्षेत्रफल .............

(५)अदुवा लगाईएको स्थानको पूर्ण विवरणः
प्रदेशः...............जिल्ला.............................पालिका..............वडा नं. ............ टोलः................ कित्ता नं. .................... चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं............(ऐलानी जग्गाको हकमा)

(६)अदुवा लगाईएको जग्गाको भौगोलिक अवस्थितिः-
(क) समुन्द्र सतहबाट अदुवा खेती गरिएको जग्गाको उचाईः ..................
(ख)जग्गाको मोहडाः.................

(७)क्षति भएका बिरुवाहरुको ठाउँमा नयाँ बिरुवा रोप्ने, गोडमेल गर्ने, मल दिने लगायत अन्य नियमित व्यवस्थापनका कामहरु गरिएको छ कि छैन ?..............

(८) तोकिएको क्षेत्रफल अनुसार प्रयोग गरिएको मलखादको मात्रा ....................................

(९) अदुवाको बोटहरुमा कुनै रोग/कीराको संक्रमण देखु भएको छ ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस । ...............................................................

(१०)त्यस क्षेत्रमा विगतमा अदुवा खेतीमा कुनै संक्रामक रोग वा किरा लागेको थियो? यदि थियो भने कहिले कुन रोग वा कीराबाट क्षति भएको हो? उल्लेख गर्नुहोस् । ...........................

(११) अदुवा खेतीको जोखिमलाई स्वीकार गर्न नमिल्ने अरु कुनै जानकारी छ? यदि छ भने त्यसको विवरण दिनुहोस् । ...........................................................

(१२) अदुवा खेती बीमायोग्य छ वा छैन भन्ने निर्णय गर्नका लागि थप प्राविधिक जाँच गर्नुपर्ने ठान्नुहुन्छ ? .........................

यदि ठान्नुहुन्छ भने कुन जाँच गर्नु उपयुक्त हुन्छ ? ................................

(१३)अदुवा खेतीको जोखिम स्वीकार गर्न कम्पनीलाई के सुझाव दिन चाहनुहुन्छ ?
.................................

................इन्स्योरेन्स कम्पनी लिमिटेड

काठमाण्डौ, नेपाल

अनुसूची -७

(दफा २३ को खण्ड (ण) र दफा २५ को खण्ड (ङ) सँग सम्बन्धित)

**अदुवा खेतीको प्राविधिक व्यवस्था सम्बन्धी अभिलेख**

**(१) अदुवा खेती गर्दाका महत्वपूर्ण गतिविधिहरूको विवरण**

| क्रियाकलापहरू | क्रियाकलाप गरिएको मिति | विवरण | कैफियत |
|---|---|---|---|
| रोपण | | | |
| सिंचाई | | | |
| गोडमेल | | | |
| मलखाद | | | |
| अन्य | | | |

**(२) रोपणको लागि प्रयोग गरिने बीउको विवरण**

| क्र. सं. | बीउ प्राप्त गरेको मिति | बीउको जात | हारदेखि हारदेखिको दुरी | बोटदेखि बोट बीचको दुरी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**(३) विषादीको प्रयोग**

| बिषादी प्रयोग गरेको मिति | विषादीको नाम/प्रकार | परिमाण | विषादीको स्रोत (आफैंले बनाएको/ किनेको) | खरिद गरेको भए | | कुल लागत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | बिषादी खरिद गरेको मिति | बिल नं. | | |
| | | | | | | | |
| | | | | | | | |

